सर्वोच्च अदालत

## सर्वोच्च अदालतबाट जारी प्रेस विज्ञप्ती

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११३ बमोजिम गठित मुद्दा व्यवस्थापन समितिको सिफारिस बमोजिम सर्वोच्च अदालतको पूर्ण बैठकबाट मिति २०७९।०७।१६ मा सर्वोच्च अदालत तथा मातहतका अदालतहरुको मुद्दा सुनुवाईका सम्बन्धमा देहायबमोजिम गर्ने गरी निर्णय भएकाले सम्बन्धित सबैको जानकारीको लागि यो विज्ञप्ती जारी गरिएको छ।

निर्णयहरु:

क. तत्कालीन पुनरावेदन अदालत तथा उच्च अदालतमा न्यायाधीशको हैसियतले कार्यरत हुँदा मुद्दाको रोहमा प्रत्यर्थीलाई झिकाउने आदेश गरेको वा अन्तरिम आदेश जारी गरेको भएपनि सर्वोच्च अदालतमा सो मुद्दाको सुनुवाई गर्ने। सर्वोच्च अदालतमा विचाराधीन मुद्दाहरूमा प्रत्यर्थी झिकाउने आदेश गर्दा स्पष्ट राय वा इन्साफमा फरक पर्नसक्ने प्रकृतिको तथ्यमा प्रवेश गरी आदेश गरिएको नभएमा सो आदेश गर्ने तथा अल्पकालिन अन्तरिम आदेश वा अन्तरिम आदेशमा स्पष्ट राय व्यक्त नगरी आदेश जारी गर्ने न्यायाधीशले समेत त्यस्ता मुद्दाहरूको सुनुवाई गर्ने।

ख. मुद्दाको रोहमा प्रत्यर्थीलाई झिकाउने भनी आदेश गर्ने न्यायाधीशले मुद्दाको सुनुवाई र फैसला गर्न केही अपवाद अवस्थामा बाधा नपर्ने विगतको अभ्यास रहेको देखिएको र पेसी व्यवस्थापन सम्बन्धमा हाल अवलम्बन गरिएको प्रक्रियालाई थप व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक देखिंदा मुद्दामा आधार र कारण उल्लेख नगरी प्रत्यर्थी झिकाउने एवं अल्पकालिन अन्तरिम आदेश वा अन्तरिम आदेश जारी गर्ने उच्च अदालतका न्यायाधीशलेसमेत त्यस्ता मुद्दाको सुनुवाई गर्ने।

ग. मुद्दामा आधार र कारणसमेत उल्लेख गरी प्रत्यर्थी झिकाउने वा अन्तरिम आदेश जारी गर्ने उच्च अदालतका न्यायाधीश बाहेकले मुद्दा हेर्ने गरी अदालतमा कार्यरत न्यायाधीशका दृष्टीले इजलास गठन हुनसक्ने अवस्था विद्यमान नभएमा प्रत्यर्थी झिकाउने वा अन्तरिम आदेश गर्ने न्यायाधीशले त्यस्ता मुद्दाको पूर्ण सुनुवाई गर्न बाधा नपर्ने भनी उच्च अदालतहरूमा लेखी पठाईदिने। सोबमोजिमको पेसी व्यवस्थापनका सम्बन्धमा उच्च अदालतहरूले सम्बन्धित बार इकाई वा अन्य सरोकारवालाहरूसँग आवश्यक समन्वय गरी सुनुवाई कार्य संचालन गर्ने।

घ. सर्वोच्च अदालतमा विचाराधीन थुनुवा रहेका मुद्दाहरू मध्ये ५०% कैद भुक्तान गरिसकेका थुनुवाका मुद्दाहरू पहिचान गरी त्यस्ता मुद्दाहरूलाई निश्चित दिन छुट्टै पेसी चढाई त्यस्ता मुद्दाहरूको समूह स्थगित नहुने गरी अभियानका मुद्दा सरह पेसी व्यवस्थापन गरी सुनुवाई गर्ने प्रवन्ध मिलाउने।

ङ. सर्वोच्च अदालतमा विचाराधीन रहेका प्रतिवेदन (RE) को सुनुवाई हप्ताको एक दिन शुक्रवार मात्र हुने गरेको र उक्त दिन पनि १:३० बजेसम्म मात्र सुनुवाई गर्दा त्यस्ता प्रतिवेदनको अपेक्षित रूपमा फछ्यौंट हुन नसकी संख्या बढ्दै गईरहेको अवस्थालाई मध्यनजर गरी हाललाई प्रत्येक हप्ताको शुक्रवारका दिन प्रतिवेदनको सुनुवाईको लागि दुईवटा छुट्टै इजलास (Dedicated Bench) तोकी पूरा समय सुनुवाई गर्ने गरी पेसी व्यवस्थापन गर्ने।

मिति : २०७९।०७।२२।०३

२०७९।७।२२
विमल पौडेल
प्रवक्ता